annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६४ पृष्ठ ८ | बुधबार १९ असार २०८१ | आषाढ कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४४ | WEDNESDAY, JULY 3, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# संविधान संशोधन ? किन ? के ? कसरी ?

राजनीतिक अस्थिरताको कारक संविधानका कतिपय प्रावधान रहेको निर्क्योल निकाल्दै प्रमुख दल संशोधनका निचोडमा पुगेका छन् । कांग्रेस-एमाले सहमतिको मूल मर्म पनि यही छ । संविधान संशोधनका लागि उच्चस्तरीय संयन्त्र बनाउने अनौपचारिक सहमति पनि दुई दलले बनाएका छन् । यससँगै धेरैमा जिज्ञासा पलाएको छ- कुन-कुन व्यवस्थामा हुन्छ संशोधन ? किन ? र कसरी हुन्छ ?




सुरेन्द्र काफ्ले/तारा चापागाई | काठमाडौं

– को रिपोर्ट

समाचार पृष्ठ २

# 'मुलुकका समस्या समाधान गर्न एमालेसँग सत्ता साझेदारी'

राधा खनाल | काठमाडौं

कांग्रेसले राजनीतिक स्थायित्व, आर्थिक स्थिति सुधार र संविधान संशोधनमार्फत वर्तमान राजनीतिक व्यवस्थाको रक्षाका लागि एमालेसँग सत्ता समीकरणमा सहमति गरेको जनाएको छ। उसले विपक्षी मोर्चामा रहेका अरू दललाई पनि सहमतिमा आउन आग्रह गर्दै राष्ट्रिय सरकार निर्माणमा जोड दिएको हो। एमालेसँग सत्ता समीकरणमा सहमति भएको भोलिपल्ट कांग्रेसले विपक्षमा रहेका अरू दलसँग पनि सहमतिमा आउन आग्रह गरेको हो।

हुन त, कांग्रेस र एमाले सँगै सहकार्य गरेर सरकारमा गएको एकदमै बिरलै घटना छन्। ०७२ सालमा मिलेर संविधानसभाबाट संविधान बनाएका यी दुई दलले फेरि संविधान संशोधनसहितका एजेन्डा बोकेर सत्ता सहकार्यको सहमति गरेका छन्। सहमतिअनुसार एमाले केपी ओली करिब डेढ वर्ष प्रधानमन्त्री बन्नेछन्। त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुने छन्।

संविधान संशोधन गरेर निर्वाचन प्रणालीलाई पहिलो चरणमा सुधार गर्ने र ०८४ को चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले लिने समझदारी भएको छ। नयाँ सरकार गठनका लागि एमालेसँग सहमति भएपछि मंगलबार बिहान सभापति देउवा निवास बूढानीलकण्ठमा बसेको कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको बैठकले राजनीतिक स्थायित्व, आर्थिक स्थिति सुधार र राष्ट्रिय सहमतिका साथ संविधान कार्यान्वयनका क्रममा देखिएका समस्या समाधान गर्न एमालेसँग सहमति गरिएको कांग्रेसले प्रष्ट्याएको छ। कांग्रेस प्रवक्ता डा.प्रकाशशरण महतले भने, 'राजनीतिक अस्थिरताका कारण लोकतन्त्र नै खतरामा पर्ने सम्भावना भएकाले महत्वपूर्ण मुद्दामा आमजनतामा रहेको चासो र चिन्तालाई केन्द्रमा राखेर कांग्रेस र एमालेबीच सत्ता साझेदारीको समझदारी भएको छ।'

उनले राष्ट्रिय सहमतिको सरकार बन्ने बताउँदै एमाले अध्यक्ष केपी शर्मा ओली र सभापति देउवाले आलोपालो सरकारको नेतृत्व गर्ने बताए। महतले भने, 'इच्छुक अन्य दलहरूलाई सरकारमा सामेल गराउनका लागि छलफल भइरहेको छ।'

अहिलेसम्मको राजनीति समीक्षा र अनुभवबाट राजनीतिक स्थायित्व कायम गर्न संविधान संशोधन पनि सँगसँगै अघि बढाउने बेला भएको प्रवक्ता महतले बताए। महतले संविधान संशोधनको विषयलाई लिएर आयोग बन्ने विषयमा भने कुनै सत्यता नभएको प्रष्ट पारे।

कांग्रेसका अर्का नेता अर्जुनरसिंह केसीले भने, 'एमालेसँगको सहमतिपछि आउँदा दिनमा कसरी जाने भन्ने विषयमा छलफल भयो। विपक्षमा रहँदा साथ दिने दलहरूसँग पनि छलफल गर्ने भएको छ।' केसीले केन्द्रीय कार्यसम्पादन समितिको बैठक बसेपछि मात्र सरकारमा को-को जाने भन्ने विषयमा छलफल हुने बताए।

केसीले अहिले सत्ता परिवर्तनभन्दा पनि समग्र देशमा देखिएको समस्या पूर्ण अवस्थाको परिस्थितिका कारण दुई दलबीच मिल्नुको विकल्प नभएको बताए। उनले भने, 'यो सहमतिले देशलाई नयाँ दिशामा पक्कै लैजाने छ।' कांग्रेसले प्रतिपक्षमा रहेका दलहरूलाई पनि सरकारमा सहभागी हुनका लागि आग्रह गरेको छ। छलफलमा राप्रपा, जनमोर्चा, लोसपा, जसपालगायतका दल सहभागी भएका थिए।

बाँकी पृष्ठ ६

## प्रधानमन्त्रीलाई राजीनामा दिन एमालेको आग्रह

**काठमाडौं** (अन्नपूर्ण): एमालेले संविधानको धारा ७६ (२) बमोजिमको सरकार निर्माणका लागि मार्ग प्रशस्त गर्न प्रधानमन्त्रीलाई आग्रह गरेको छ। प्रमुख दुई दलबीच राष्ट्रिय सहमति भइसकेको अवस्थामा प्रधानमन्त्रीले सहज रूपमा राजीनामा दिएर बाटो खुलाइदिनुपर्ने एमालेको ठहर छ।

त्यस्तै एमालेले राष्ट्रिय सहमतिको सरकारमा सहभागी हुन सांसदमा रहेका सबै दलहरूलाई आह्वान गरेको छ। पार्टी कार्यालयमा बसेको सचिवालय बैठकले एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा बन्ने राष्ट्रिय सहमतिको सरकार निर्माणमा सहभागी हुन आह्वान गरेको हो।

उपमहासचिव प्रदीप ज्ञवालीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूहरूसँग छलफल नगरी प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेससँग राष्ट्रिय सहमतिको सरकार बनाउने प्रस्ताव गरेपछि एमाले र कांग्रेस मिलेर सरकार बनाउने सहमति भएको बताए।

'हामीले सत्ता समीकरणमा हदैसम्मको लचकता अपनाएका थियौं। केही विषयहरू थिए तर सत्ता सहकार्य बदल्नुपर्ने तहसम्मका थिएनन्। यही सरकार अगाडि बढाइरहनुपर्छ भन्नेमा थियौं', उनले भने, 'तर, अचानक गत सातादेखि राजनीतिमा तरंग सिर्जना भयो। बहालबाला प्रधानमन्त्री स्वयम्ले वैकल्पिक सरकारको बहस सुरु गर्नुभयो। यसले हाम्रोसामु केही प्रश्न खडा भयो। कसैलाई सल्लाह नगरी प्रमुख प्रतिपक्षी दलसँग उहाँले राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्‍यो भन्दै पहल गर्नुभयो।'

बाँकी पृष्ठ ६

## सबैले रक्तदान गर्नुपर्छ



सरोजकुमार महतो

इजलास

रगतका कुरा गर्नु जरुरी छ। कसैको अप्रेसन, डेलभरि, दुर्घटना या अन्य विभिन्न अवस्थामा रगतको आवश्यकता पर्छ। यसलाई परिपूर्ति गर्न रगतका कुरा जरुरी छ।

रक्तदान गर्न १८ वर्ष पूरा गरेको र ४५ किलो तौल पार गरेको हुनुपर्छ । शारीरिक रूपमा तन्दुरुस्त व्यक्तिले नियमित ९० दिनको अन्तरालमा रक्तदान गर्न सकिन्छ।

अहिलेको अवस्थामा दुई जनालाई रगत आवश्यक पर्दा एक जनालाई मात्रै रक्तसञ्चार केन्द्रले उपलब्ध गराउन सकेको छ। यस्तो अवस्थामा सबैले नियमित रक्तदान गरेमा बाँकी एक जनाका लागि कमी रहेको रगत सहजै उपलब्ध गराउन सकिन्छ। देशमा १२० को हराहारीमा रक्तसञ्चार केन्द्र छ। जसमा प्राय: जसो व्यवस्थित रूपमा सञ्चालन हुन सकेका छैनन्। नि:शुल्क रूपमा रक्तदान गरिन्छ। तर, रक्तसञ्चार केन्द्रमा जाँदा शुल्क लिइन्छ। स्थानीय, प्रदेश र संघीय सरकारले नि:शुल्क रगत उपलब्ध गराउनुपर्छ। केही स्थानीय सरकारले सुरु गरिसके भने केही प्रदेश सरकारले गर्दै छन्।

रगतको अभावलाई मध्यनजर गरी ब्लड फर नेपालले काम गरिरहेको छ। रक्तसञ्चार केन्द्रमा रगत पाइएन भने ब्लड फर नेपालले रक्तदाता खोजिदिन्छ। वर्तमान समयमा देशमै सम्भवत: पहिलो रगतसम्बन्धी भव्य कार्यक्रम हुँदै छ। जहाँ देशभरिका युवालाई एकै ठाउँमा ल्याएर रगतका विषयमा नेतृत्व विकास र व्यक्तित्व विकासका कुरा गर्ने जमर्को गरेका छौं। उक्त दुईदिने कार्यक्रमको तयारीमा हामी जुटिरहेका छौं।

*(महतो ब्लड फर नेपालका संस्थापक अध्यक्ष हुन्।)*

# बिमाको रकम ठगी गर्न आफ्नै पसल लुटपाटको नाटक



अनिल ढकाल | चितवन

असार १ गते पूर्वी चितवनको खोलेसिमल बजारमा रहेको विनोद सुनचाँदी पसल लुटपाट हुन्छ। राति साढे ८ बजे नम्बर नखुलेको मोटरसाइकलमा दुई व्यक्ति आउँछन्। कालिका नगरपालिका-६ स्थित उक्त पसलभित्र व्यवस्थापक विजय विश्वकर्मा र पसलमा रहेका बापीधर गौतम हुन्छन्। मोटरसाइकलमा आएका व्यक्तिले खुकुरी देखाएर त्रसित बनाउँदै सुनचाँदी डकैती गर्छन्।

त्यसबेलासम्म वरिपरिका कसैले पनि घटनाबारे थाहा पाउँदैनन्। हरेक महिनाको १ गते खोलेसिमलको बजार बन्द हुने नियम छ। उनले त्यसदिन पसल खुलेका थिए। लुटेराले डर धाकधम्की त्रास देखाएर पसलको २ करोड १७ लाख ५४ हजार ४ सय १५ रुपैयाँ बराबरको सुनचाँदी र पिहराको गहना लुटेर लान्छन्। छिनभरमै पसल रित्तो हुन्छ। त्यसपछि सञ्चालकले हारगुहार गरेर प्रोपोगान्डा मच्चाउँछन्।

झट्ट सुन्दा फिल्मको कहानी लाग्ने यो घटनाको परिकल्पनाकार सोही पसलका सञ्चालक हुन्। यो घटना करिब १८ दिनसम्म सनसनी बन्यो। खोलेसिमल बजार व्यवस्थापनको निर्णयअनुसार हरेक महिनाको १ गते पसल बन्द हुने दिन सुन पसल खुला थियो। सामान्यतया ६ बजे बन्द हुने दिन सुन पसल त्यसदिन राति साढे आठ बजेसम्म खुला थियो। प्रहरीले अनुसन्धानको थालनी यहीबाट सुरु गर्‍यो।

पसलका कामदारसहित घटनामा सहभागी भएको प्रहरीले पत्ता लगाउनबेर लागेन। आफ्नै योजनामा आफ्नै पसल लुटाएको नाटक गरेर सुनचाँदी लुकाएका विनोद पसल लुटेको नाटक मञ्चन गरेर प्रहरी सामु पुगेका थिए। उनै सञ्चालक प्रहरीको अनुसन्धानबाट उम्किन पाएनन्। १८ औं दिनमा मुख्य योजनाकार विनोद विश्वकर्माले नाटकीय ढंगबाट पात्र खटाएर आफैं पसल लुटेको तथ्य फेला पारेको हो।

लुटपाट भएको भनिएको गहना केही दिनमै बरामद गरेको थियो। सुनचाँदी पसल लुटपाटको घटनाले जिल्लाकै शान्ति सुरक्षामा प्रश्न उठ्नु स्वाभाविक थियो। लुटपाट भएको घटना देखाएर बिमा दाबी गर्न यो घटना रचेका थिए। उनले २ करोड २० लाखको बिमा गरेका थिए। यसका लागि लुटपाटको नाटक गर्नेलाई ५० हजार दिएका थिए। घटनाको अनुसन्धानका लागि सीआईबीको टोली चितवन आएको थियो। प्रहरीले यो अनुसन्धानलाई अप्रेसन धनानन्दको नाम दिएको थियो। 'घटनाको प्रकृति हेर्दा हामी अति बढी संवेदनशील र अलि बढी शंकास्पद कुरा पनि थिए। सीआईबीको टोली सहितले घटनाको पत्ता लागेको हो,' चितवन प्रहरी प्रमुख एसपी भावेश रिमालले भने, 'बजार बन्द भएको दिन पसल खुल्नु, ६ बजे बन्द हुने सुन पसल राति साढे आठ बजेसम्म बन्द नभएको कारणबाटै घटना सुरुदेखि नै सञ्चालक शंकाको घेरामा थिए। यसमा हामी निचोडमा पुग्न सक्यौ।'

पसलका सञ्चालक कालिका ६ का ३५ वर्षय सुनुवार, व्यवस्थापक कालिका ७ का विजय विश्वकर्मा पक्राउ परेका छन्। मोटरसाइकलमा गएर लुटेको नाटक गर्ने तनहुँ म्याग्दी गाउँपालिका ७ का ५० वर्षीय पूर्णबहादुर विश्वकर्मा र बाराको बारागढी नगरपालिका ४ का १८ वर्षीय पवनकुमार पासवान पक्राउ परे। त्यस्तै चोरी गरेर धनमाल लुकाउन सहयोग गर्ने कालिका ६ कै अञ्जना पुडासैनी केसी पक्राउ परेका छन्। प्रहरीले चितवन जिल्ला अदालतबाट सात दिनको अनुमति लिएर अनुसन्धान अघि बढाएको छ।

बाँकी पृष्ठ ६

KAVYA काव्य स्कूल
Kavya School +2
New Baneshwor, Kathmandu
www.kavyaschool.edu.np

My Second Teacher
भविष्य, नेपालको
• 65+ Schools
• 35000+ Active Students
• 6 Global Awards

ADMISSIONS OPEN +2
• Science
• Management
• Hotel Management*

Kavya School +2 now matches the Excellence of any other Schools from Developed Countries

Globally practised Annual Calendar
with Lesson Plans & comprehensive Teaching & Learning Materials like Videos, eBooks & Testpapers

Standardised Testing System
for continuous evaluation of students' strengths and weaknesses

Singapore Learning Journey
(A one-week trip featuring workshops and sessions at NTU/ NUS/ National Polytechnic)

World Class Tech Experts
available for all your tech support needs

MicUp
(A Global English Speaking competition held in Thailand and China)

Scan Here to Transform your School

9802356793 / 9801022219